**"महिला सँग चौबिसे गाउँपालिका, गर्भवती पोषण प्रवर्दन र आमालाई खाना तथा शिशुलाई नाना कार्यक्रम" संचालन तथा व्यवस्थापन सम्बन्धि**

# कार्यविधि निर्देशिका-२०७७ को पहिलो संशोधन - २०८२

**चौबिसे गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय, राजारानी, धनकुटा**
**कोशी प्रदेश, नेपाल**

**प्रस्तावनाः**

"हरेक बार खाना चार" भन्ने पोषण सेवा प्रवर्दनको मूल नारा अनुसार गर्भवती तथा सुत्केरी सँगै स्तनपान गराइरहेका महिलाहरुका लागी स्थानीय स्तरमा उब्जने विभिन्न ४ समूहका सस्तो तथा पोषिला खानाहरुमा शक्तिवर्दकको रुपमा विभिन्न जातका अन्न तथा कन्दमुलहरु, वृद्दि/विकासको लागी दाल तथा गेडागुडीहरुका साथै पशुपंक्षीजन्य माछा/मासु/अण्डा तथा दुधजन्य पदार्थहरु र रोग प्रतिरोधक तथा सुरक्षा प्रदान गर्ने विभिन्न भिटामिन र खनिजतत्व पाइने फलफूल र तरकारी समूहका विभिन्न खानेकुराहरु) नियमित रुपमा खाने बानी बसाउनको लागी चौबिसे गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट गर्भवतिहरुलाई प्रत्येक महिना पोषण समबन्धि परामर्श सँगै ग्रामीण भिडियो एक्स-रे सेवा सँग जोड्दै स्थानीय स्तरमा उत्पादित पोषिलो खाजा तयार गरि खुवाउने र स्वास्थ्य संस्थामा सुत्केरी सेवा लिन प्रोत्साहन हुने साथै नवजात शिशुहरुलाई समेत प्रशस्त स्तनपानको सुनिश्चितता भई पोषणको अवस्थामा कमी आउन नदिई नव-शिशुहरुको चिसोका कारण कठ्याङ्ग्रिएर र संक्रमण भएर मृत्यु नहुनका लागी सम्बन्धित घरपरिवार र समुदाय/छरछिमेकहरु समेतलाई पोषण र नवशिशु सुरक्षाको कार्यमा उत्तिकै जिम्मेवार बनाउन र यसबारे सकारात्मक व्यवहारको अभ्यासको निरन्तरता गराउने मुख्य उद्देश्य राखी चौविसे गाउँपालिकाले **"महिला सँग चौबिसे गाउँपालिका, गर्भवती पोषण प्रवर्दन र आमालाई खाना तथा शिशुलाई नाना"** शिर्षकको कार्यक्रमको लागी बार्षिक बजेटबाट आवस्यक रकम विनियोजन गरी संस्थागत प्रसुति सेवा लिएका सुत्केरी आमाहरुलाई पोषिलो र झोलिलो खाना सँगै नवशिशुहरुलाई न्यानो कपडाको सेट निःशुल्क रुपमा वितरण गर्ने गरि कार्यक्रम संचालन गर्नु आवस्यक भएकोले ।

परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, प्रारम्भ र बिस्तार:**

(क) यस कार्यविधिको नाम **"महिला सँग चौबिसे गाउँपालिका, गर्भवती पोषण प्रवर्दन र आमालाई खाना तथा शिशुलाई नाना कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७७ को पहिलो संशोधन-२०८२"** रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(ग) यो कार्यविधि चौबिसे गाउँपालिकाका ८ वटै वडाका १२ वटै सरकारी स्वास्थ्य सस्थाहरुमा लागु हुनेछ।

**२. परिभाषा :** बिषय वा प्रशंगले अन्य अर्थ नलागेकमा यस कार्यविधिमा

(क) "कार्यक्रम" भन्नाले **"महिला सँग चौबिसे गाउँपालिका, गर्भवती पोषण प्रवर्दन र आमालाई खाना तथा शिशुलाई नाना कार्यक्रम"** सम्झनु पर्छ।

(ख) "गर्भवति" भन्नाले चौविसे गाउँपालिकाका ८ वटा वडाहरुमा रहेका १२ वटै स्वास्थ्य संस्थाहरुमा मासिक/नियमित रुपमा गर्भ जाँच गर्न आउने जुनसुकै ठाउँ/ठेगाना भएका गर्भवति महिलाहरुलाई सम्झनु पर्छ।

(ग) "आमा र शिशु" भन्नाले चौबिसे गाउँपालिका ८ वटा वडाहरु भित्र वसोवास भई स्वास्थ्य संस्थाहरु नियमित गर्भजाँच गरि संस्थागत प्रसुति सेवा लिएका सुत्केरी आमा तथा उनिहरुबाट जन्मेका नवशिशुहरु सम्झनु पर्छ।

(घ) "खाना र नाना" भन्नाले सुत्केरि आमालाई प्रदान गरिने पोशिलो तथा झोलिलो खानाको सामाग्रीहरु सँगै आयोडिन युक्त नून् र महिनावारी सरसफाईको लागी हातधुने सावुन र सेनिटरि प्याड तथा नवशिशुलाई दिईने न्यानो कपडाको सेट भन्ने सम्झनु पर्छ।

(ङ) "गर्भवति पोषण प्रवर्दन" भन्नाले नियमित गर्भ जाँचको लागी आउने महिलाहरुलाई गर्भावस्था विशेषको लागी पोषण परामर्श दिई प्रति गर्भवती महिला रु:१००/- वरावरको स्थानिय स्तरमा पाईने अर्गानिक र पोषिलो खाजाको उपलब्धतालाई सम्झनु पर्छ।

राज कुमार थिङ
अध्यक्ष

<u>परिच्छेद- २</u>

## उदेश्य तथा औचित्यः

३. <u>कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ</u>

(क) दिगो बिकास लक्ष्य २०३० अनुसार मातृ मृत्युदर प्रति एक लाख मध्ये ७० जनामा तथा नवशिशु मृत्युदर प्रति १ हजार जिवित जन्म मध्ये १२ जनामा झार्ने लक्ष्य हासिल गर्ने ।

(ख) नव-शिशुहरुको लागी प्रशस्त स्तनपानको सुनिश्चितता गरि पोषणको अवस्थामा कमी आउन नदिने तथा अत्याधिक चिसोका कारण कठ्याङ्ग्रिन र संक्रमणको कारण हुने मृत्यु बाट बचाउने ।

(ग) गर्भवति तथा सुत्केरी आमा र नवशिशुहरुको पोषण तथा स्वास्थ्य सुरक्षाको लागी सम्बन्धित घर परिवार हुँदै छरछिमेक र समुदाय समेतलाई पोषण प्रवर्दनको कार्यमा अशल अभ्यास गराउने ।

(घ) समुदाय स्तरमा "हरेक बार खाना चार" मा समेटिएका स्थानिय खानेकुराहरु नियमित उपभोग गर्ने असल अभ्यासको विकास गराउने ।

(ङ) स्थानीय सरकार / तहको अगुवाईमा सरोकारवाला / जिम्मेवार निकायलाई परिचालन गरि समुदायमा पोषण प्रवर्दनको कार्य गरि आम नागरिकहरुको लागि स्थानीय सरकारको दायित्व पुरा गर्ने ।

४. <u>कार्यक्रमको औचित्यः</u>

(क) विगतमा मातृ तथा नवशिशुको लागी पोषण सम्बन्धि सेवा केवल परामर्शमा मात्र आधारित रहेको थियो, सेवाग्राही आमाहरुलाई पोषण सम्बन्धि शैदान्तिक शिक्षा र परामर्शले मात्र पोषण सम्बन्धि व्यवहार परिवर्तन गराउन नसकिने हुँदा प्रत्यक्ष अभ्यास बाट उनिहरुमा जागरुकता र नियमितता ल्याउनु आवस्यक देखियो ।

*(ख) यस सँगै* समुदायस्तरमा सुत्केरी आमा तथा नवशिशुको स्वास्थ्य शुरक्षा तथा पोषण सेवा केवल संघिय सरकार मार्फत स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुको मात्र हो भन्ने आम बुझाई घर-समुदायमा रहेको थियो तर चौबिसे गाउँपालिकाले यसलाई स्थानीय सरकारको पनि प्रमुख दायीत्वको रुपमा लिई यसलाई सम्बन्धित घरपरिवार र समुदाय/छरछिमेकहरु समेतलाई पोषण र नवशिशुको सुरक्षाको क्षेत्रमा उत्तिकै जिम्मेवारी वोध गराउन र सकारात्मक व्यवहार परिवर्तन गराउने मुख्य उद्देश्य राखी प्राथमिकताका साथ अघि बढाएको छ ।

(ग) चौबिसे गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्था मार्फत स्वास्थ्यकर्मीहरुबाट खाना नाना वितरण गरीने भएकोले सुत्केरी आमा र नवजात शिशुलाई प्रत्यक्ष रुपमा स्वास्थ्यमा सुधार हुन थालेको हुदा कार्यक्रम संचालन पश्चात सुत्केरी अवश्थामा रहेका आमा तथा नवजात शिशुलाई खाना नाना मात्र नभई उनिहरुको घरमा नै नर्सिङ स्वास्थ्यकर्मिहरु द्धारा सुत्केरी घरभेट गरी स्वास्थ्य जाँच समेत गरीने कार्यले गर्दा **आमा र नवजात शिशुको बिरामी दर र मृत्यु दरमा** कमि हुन आएकोले स्वास्थ्य उपचारमा खर्च बचत हुने देखिन्छ भने अति गरीब तथा विपन्न परिवारमा त यीनै सामाग्रीहरुले सुत्केरी अवस्था पार समेत गर्न पुर्याउनुपर्ने अवस्था समेत पाईएकोले उनिहरुलाई ठूलो राहतको रुपमा रहेको छ । भने

यसमा अधिकतम रुपमा स्थानिय स्तरमा उत्पादन हुने खाधान्न सामग्री तथा कपडा लगायतलाई पहिलो प्राथमिकता दिई उपभोग र वितरण सम्बन्धि कार्यविधि तयार गरिएकोले स्थानिय स्तरमा केहि न केहि आर्थिक योगदान समेत दिई रहेको छ ।

## परिच्छेद- ३

### लक्षित समूह , कार्यक्रम संचालनको प्रकृया तथा संलग्न हुने कागजातहरु:

५. यस कार्यक्रममा लक्षित समूह भन्नाले देहाय बमोजिम हुनेछ:

(क) यो कार्यक्रमको लक्षित समूहमा चौविसे गाउँपालिकाका सवै स्वास्थ्य संस्थाहरुमा मासिक/नियमित रुपमा गर्भ जाँच गर्न आउने जुनसुकै ठाउँ वा ठेगाना भएका गर्भवति महिलाहरु तथा यस गाउँपालिकामा वसोवास भई स्थानीय वा वाह्य स्वास्थ्य संस्था/अस्पतालहरु बाट संस्थागत प्रसुति सेवा लिएका सुत्केरी आमा तथा उनिहरुबाट जन्मेका नवशिशुहरु हुनेछन् ।

६. *कार्यक्रम संचालनको प्रकृया (process):-*

चौविसे गाउँपालिकाका सम्पूर्ण वडाहरुमा रहेका गर्भवती महिलाहरुलाई मासिक रुपमा भिडियो एक्स-रे सहितको गर्भवति परीक्षण र परामर्श सेवा दिई उनिहरुलाई जनहि रु: १००/- वरावरको सकेसम्म स्थानीय स्तरमा उपलब्ध खाद्य बस्तुहरु जस्तैः अन्न तथा कन्दमुल, गेडागुडी, पशुपंक्षीजन्य स्रोत माछा तथा भिटामिन र खनिजतत्व पाइने फलफूल र तरकारी समूहबाट पोषिलो खाजा तयार गरि खुवाउने गरिएको छ भने स्वास्थ्य संस्थामा सुत्केरी भएका आमाहरुलाई **चामल ७ के.जी. , मुशुरोको दाल १ के.जी., शुद्द तोरीको तेल १ लिटर, ज्वानो१०० ग्राम, आयोडिन युक्त नून् १ के.जी., स्यानिटरी प्याड ४ थान र हातधुने सावुन १ वटाका साथै नव-शिशुको लागी न्यानो ब्लाङ्केट सहितको कपडा १ सेट** गाउँपालिका स्वास्थ्य शाखाबाटै तयार गरि स्वास्थ्य संस्थाहरुमा उपलब्ध गराई चौविसेका स्वास्थ्य संस्थाहरुमा प्रसुति भएमा सोही समयमा र अन्यत्रका स्वास्थ्य संस्था वा अस्पतालमा नै प्रसुति भएकालाई अन्य भरपर्दो माध्यमबाट वा पहिलो खोप लगाउने दिन वडामा रहेका निर्वाचित जन-प्रतिनिधिहरुको उपस्थितिमा वहाँहरुको हातबाट **"आमालाई खाना र शिशुलाई नाना"** का सामाग्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

७. गर्भवति पोषण प्रवर्दन कार्य संचालन तथा आमा र नवशिशुले पाउने सामाग्रीहरु वितरण पछि पठाउनुपर्ने प्रतिवेदनमा पेश गर्नुपर्ने कागजातहरु:

क. हरेक महिनामा गर्भवति महिलाको स्वास्थ्य परीक्षणको लागी उपस्थितिको हस्ताक्षर सहितको माईन्यूट को प्रतिलीपि र फोटो – १/१ प्रति ।

राज कुमार लिम्बु
अध्यक्ष

ख. हरेक महिनाको पोषिलो खाजाको लागी सामाग्री खरिद भएको सक्कली बिल - १ प्रति।
ग. आमालाई खाना तथा शिशुलाई नानाको सामाग्री सामाग्रीहरु खरिद गरिएको सक्कल विलहरु तथा सामाग्री वितरण गरिएको भरपाई र सो को फोटोहरु १/१ प्रति।

## परिच्छेद -४

### निर्देशक समिति तथा यसको काम,कर्तव्य, अधिकार तथा आर्थिक र जनशक्तिको व्यावस्थापन:

८. **यो कार्यक्रम संचालन गर्न चौबिसे गाउँपालिकामा देहाय बमोजिमको निर्देशक समिति रहने छ।**

(क) गाउँ पालिका प्रमुख - अध्यक्ष

(ख) गाउँपालिका उप प्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) स्वास्थ्य शाखाका कार्यरत नर्सिङ कर्मचारी वा पोषण कार्यक्रम हेर्ने फोकल पर्सन - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

९. निर्देशक समितिले यो कार्यविधिमा राखिएको विविध प्रावधानका समयानुकुल हेरफेर वा परिमार्जन गर्न सक्नेछ।

१०. निर्देशक समितिले आवश्यकता अनुसार सदस्यहरु थपघट गर्न सक्नेछ।

११. निर्देशक समितिको बैठक प्रत्येक ३ महिनामा वा आवस्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ।

१२. निर्देशक समितिको काम कर्तब्य र अधिकार: निर्देशक समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रमको नीति ,योजना र कार्यक्रम कार्यान्वयन सम्बन्धि आवश्यक कार्यबिधि, निर्देशिका र मापदण्ड तयार गर्ने र कार्यान्वयनका लागि सम्बन्धित सबैलाई निर्देशन दिने।

(ख) कार्यक्रमको अनुगमन तथा बार्षिक समिक्षा गरि आवश्यक पृष्ठपोषण दिने।

१३. **कार्यक्रम कार्यान्वयनका लागि जनशक्ति परिचालन तथा आर्थिक ब्यवस्थापन:**

(क) गर्भवति पोषण प्रवर्दनको लागी सम्बन्धित संस्थाको नर्सिङ फोकल पर्शन अ.न.मी. ले स्वास्थ्य संस्था प्रमुख सँगको समन्वयमा गाउँपालिकाबाट पेश्कीको रुपमा रकम लिई संचालन गर्नुपर्नेछ।

(ख) आमालाई खाना तथा शिशुलाई नाना कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरगाउँपालिका स्वास्थ्य शाखामा रहेका सकेसम्म नर्सिङ कर्मचारी वा स्वास्थ्य शाखा प्रमुखले अगुवाई गरि तोकीएको सामाग्रीहरु वितरणको व्यवस्था गराउनु पर्नेछ।

राज कुमार लिम्बु
अध्यक्ष

## निर्देशक समिति तथा यसको काम,कर्तव्य, अधिकार तथा आर्थिक र जनशक्तिको व्यावस्थापन:

८. **यो कार्यक्रम संचालन गर्न चौबिसे गाउँपालिकामा देहाय बमोजिमको निर्देशक समिति रहने छ।**

(क) गाउँ पालिका प्रमुख - अध्यक्ष

(ख) गाउँपालिका उप प्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) स्वास्थ्य शाखाका कार्यरत नर्सिङ कर्मचारी वा पोषण कार्यक्रम हेर्ने फोकल पर्सन - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

९. निर्देशक समितिले यो कार्यविधिमा राखिएको विविध प्रावधानका समयानुकुल हेरफेर वा परिमार्जन गर्न सक्नेछ।

१०. निर्देशक समितिले आवश्यकता अनुसार सदस्यहरु थपघट गर्न सक्नेछ।

११. निर्देशक समितिको बैठक प्रत्येक ३ महिनामा वा आवस्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ।

१२. निर्देशक समितिको काम कर्तब्य र अधिकार: निर्देशक समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रमको नीति ,योजना र कार्यक्रम कार्यान्वयन सम्बन्धि आवश्यक कार्यबिधि, निर्देशिका र मापदण्ड तयार गर्ने र कार्यान्वयनका लागि सम्बन्धित सबैलाई निर्देशन दिने।

(ख) कार्यक्रमको अनुगमन तथा बार्षिक समिक्षा गरि आवश्यक पृष्ठपोषण दिने।

१३. **कार्यक्रम कार्यान्वयनका लागि जनशक्ति परिचालन तथा आर्थिक ब्यवस्थापन:**

(क) गर्भवति पोषण प्रवर्दनको लागी सम्बन्धित संस्थाको नर्सिङ फोकल पर्शन अ.न.मी. ले स्वास्थ्य संस्था प्रमुख सँगको समन्वयमा गाउँपालिकाबाट पेश्कीको रुपमा रकम लिई संचालन गर्नुपर्नेछ।

(ख) आमालाई खाना तथा शिशुलाई नाना कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरगाउँपालिका स्वास्थ्य शाखामा रहेका सकेसम्म नर्सिङ कर्मचारी वा स्वास्थ्य शाखा प्रमुखले अगुवाई गरि तोकीएको सामाग्रीहरु वितरणको व्यवस्था गराउनु पर्नेछ।

(ग) उक्त दुवै कार्यक्रमहरु संचालनको लागी प्रति ईकाई तपसिल बमोजिम खर्च हुने गरि चौबिसे गाउँपालिकाबाट छुट्टाछुट्टै शिर्षकका लागी वार्षिक रुपमा रु: ९,००,०००/- अक्षेरपी नौ लाख रुपैयाँ विनियोजन गर्नेछ।

**तपसिल:**

(१) १ जना गर्भवति महिला लाई पोषिलो खाजाको व्यवस्थापनका लागी रु: **१००|-** सम्म खर्च गरि आवस्यक कागजातहरु सहित पेश्की रकमको फरफारक गर्ने।

(२) प्रति १ जना सुत्केरि महिला तथा नव-शिशुको लागी गाउँकार्यपालिकाले तोके बमोजिमको रकम सिमा निर्धारण गरि खाना तथा नानाका लागी निर्धारित सामाग्री खरिद गरि प्याकीङ तथा ढुवानी समेतको गरि आवस्यक कागजातहरु संलग्न राखि पेश्कि रकमको फछर्यौट तथा थप रकम भए भुक्तानी लिई कार्यक्रम सम्पन्न गराउनु पर्नेछ।

राज कुमार लिम्बु
अध्यक्ष

(ग) उक्त दुवै कार्यक्रमहरु संचालनको लागी प्रति ईकाई तपसिल बमोजिम खर्च हुने गरि चौबिसे गाउँपालिकाबाट छुट्टाछुट्टै शिर्षकका लागी वार्षिक रुपमा रु:९ लाख रुपैया विनियोजन गर्नेछ।

<u>तपसिल:</u>

(१) १ जना गर्भवति महिला लाई पोषिलो खाजाको लागी रु: १००।- खर्च गरि तोकीए अनुसारका आवस्यक कागजातहरु सहित पेश्की रकमको फरफारक गर्ने।

(२) प्रति १ जना सुत्केरि महिला तथा नव-शिशुको लागी रु: २,५५०/- बरावरका खाना तथा नानाका लागी निर्धारित सामाग्री खरिद गरि प्याकीङ तथा ढुवानी समेतको गरि आवस्यक कागजातहरु संलग्न राखि पेश्कि रकमको फछर्यौट तथा थप रकम भए भुक्तानी लिई कार्यक्रम सम्पन्न गराउनु पर्नेछ।

CS CamScanner